रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :७ संख्या : ५ मिति : २०८०/०३/०५

## भाग २

# रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

**रंगेली नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८०**

नगरकार्यपालिका बाट स्वीकृत मिति: २०८०/०३/०५

## रंगेली नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८०

१. **प्रस्तावना :-**कोशी प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश, २०८० मा भएको कानुनी व्यवस्था लाई कार्यन्वयन गर्न रंगेली नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई तह वृद्धि गर्न आवश्यक भएकाले सो अध्यादेशको दफा १५४ को व्यवस्था अनुसार रंगेली नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०८०।०३।०५ गतेको बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

२. **सक्षिप्त नाम र प्रारम्भ:**

(१)**यो कार्यविधिको नाम:**"रंगेली नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०"रहेको छ ।

(२) **प्रारम्भ:** यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. **परिभाषा**:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क)**"अध्यादेश"** भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्दछ ।

(ख)**"कार्यविधि"** भन्नाले रंगेली नगरपालिका कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ।

(ग) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

(घ) **"कार्यालय"** भन्नाले रंगेली नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) **"कार्यपालिका"** भन्नाले रंगेली नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) **"कर्मचारी"** भन्नाले रंगेली नगरपालिकाको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भई साथै संघीय लोकसेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भइ रंगेली नगरपालिकामा कार्यरत स्थायी कर्मचारी समेतलाई जनाउदछ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रंगेली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) **"तह वृद्धि"** भन्नाले अध्यादेशको दफा ४, दफा ८ र दफा २८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(झ) **"प्रदेश लोकसेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

(ञ) **"सिफारिस समिति"** भन्नाले यो कार्यविधिको दफा ५ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

४. **सूचना प्रकाशित गर्ने :**(१) दफा २८ बमोजिम तह बृद्धिको लागि आवेदन पेश गर्न कार्यालयको सूचनापाटी र वेवसाइटमा सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम प्रत्येक बर्षको जेठ र पौष महिनाको पहिलो हप्तामा सूचना प्रकाशन गर्नेछ ।

(३) प्रकाशित सूचनामा तोकिएको मिति भित्रमा सम्बन्धित कर्मचारीले सिफारिस समिति समक्ष आवश्यक कागजातसहित अनुसूचि १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ । हालको पदमा स्थायी नियुक्ति वा बढुवा भएको पत्र र शैक्षिक योग्यताको प्रमाणपत्र अनिवार्य रुपमा निवेदन साथ पेश गर्नुपर्नेछ।

५. **सिफारिस समिति:**

(१) अध्यादेशको दफा ४ (५), दफा ८(१६) र दफा २८ बमोजिम नगरपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न तपसिल बमोजिमको तह बृद्धि सिफारिस समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख. कार्यपालिकाले तोकेको १ महिला सहित २ जना बरिष्ठ कर्मचारी - सदस्य

(२) समितिको बैठक समिति आफैले निर्धारण गरे बमोजिम बस्नेछ ।

६. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधि :-**(१) स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पुरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत नब्बे अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गरिनेछ:-

| **क्र.सं.** | **हालको तह** | **तह वृद्धि हुने तह** | **न्यूनतम शैक्षिक योग्यता** | |
|---|---|---|---|---|
| | | | **स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा** | **स्थानीय स्वास्थ्य सेवा** |
| १. | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उतीर्ण | स्वास्थ सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २. | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतीर्ण | स्वास्थ सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३. | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतीर्ण | स्वास्थ सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) स्थानीय सेवा अध्यादेशको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मुल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा वढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्ले पदमा सेवाकालीन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा कम्तिमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ :-

| **बढुवा हुने पद** | **बढुवा हुन लाग्ने सेवा अवधि** | **न्यूनतम शैक्षिक योग्यता** | |
|---|---|---|---|
| | | **स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा** | **स्थानीय स्वास्थ्य सेवा** |
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तीमा तीन वर्ष पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उतीर्ण गरेको | स्वास्थ सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तीमा तीन वर्ष सेवा | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतीर्ण | स्वास्थ सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत सातौं | अधिकृत छैटौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह उतीर्ण गरेको | स्वास्थ सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

| | | | |
|---|---|---|---|
| सहायक पाँचौं | सहायक चौथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

७. **तह वृद्धि सम्बन्धी बिशेष व्यवस्था :**

(१) अध्यादेशको दफा ८ (१४) बमोजिम चौथो तहका सहायक कम्प्यूटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधृतले तह वृद्धिको निर्णय गरी अनुसूची २ बमोजिमको ढाँचामा नियुक्तिपत्र दिनेछ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौं, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरि क्रमश छैटौं, आठौं र दशौं तहमा एक तह बृद्धि गरिनेछ।

(३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रक्रिया पुरा गरि अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्वारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिने। यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ।

(५) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम तह बृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरि अनुसूची २ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिनेछ।

**(६) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था :-** कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ।

८. **जेष्ठता कायम :-** तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेदेखि जेष्ठता कायम हुने।

९. **बाधा अड्काउ फुकाउने :-** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ।

१०. **तह वृद्धि गर्न नहुने :-**यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ३ को उपदफा (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्ने छैनः-

क. नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक बर्ष पुरा नभएसम्म,

ख. निलम्बल भएकोमा निलम्बल भएको अवधिभर,

ग. तलबबृद्धि वा बढुवा रोक्का भएकोमा तलबबृद्धि वा बढुवा रोक्का भएको अवधिभर र

घ. असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर।

११. **जानकारी दिनु पर्ने :-**(१) यस कार्यविधि बमोजिम नगरपालिकाले गरेको तह वृद्धिको जानकारी तह वृद्धिको निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

(२) तह वृद्धि भएका कर्मचारीहरुको विवरण स्थानीय राजपत्रमा समेत प्रकाशन गरिनेछ।

१२. **उजुरी/गुनासो :-** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१३. **प्रचलित कानुन बमोजिम हुने :-** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची १

(कार्यविधिको दफा ६ सँग सम्बन्धित)

**तह बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा**

मिति : २०../.. /..

श्री अध्यक्ष ज्यू
(तह वृद्धि सिफारिस समिति)
रंगेली नगरपालिका।

विषय : तह वृद्धि गरी पाउँ।

प्रस्तुत विषयमा यस नगरपालिकाको तह वृद्धि सिफारीश समितिको मिति २०../.. /.. गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना वमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**तपसिल**

१. स्थायी नियुक्तिको पत्र ।
२. बढुवा/तह वृद्धि भएको पत्र।(दफा ८(१६) को हकमा नपर्ने)
३. समायोजन पत्र ।(समायोजन भएका कर्मचारीको हकमा मात्र)
४. नेपाली नागरिकताको प्रमाण पत्र।
५. न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र।

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मितिः |
| पदः | हालको पदमा तहवृद्धी/बढुवा मितिः |
| तह: | समायोजन मितिः |
| सेवा: | कर्मचारी संकेत न. |
| समुह: | कार्यरत कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

**निवेदक**

नाम :

दस्तखत :

क.सं. नम्बर :

अनुसूची २
(कार्यविधिको दफा ७ सँग सम्बन्धित)

**तह बृद्धि पत्रको ढाँचा**

पत्र संख्या :
चलानी नं. :

मितिः२०..।..।..

**विषयः तह बृद्धि गरिएको ।**

तपाईँलाई नगर कार्यपालिकाको कार्यालयको मिति २०..।..।.. गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० वमोजिम मिति २०../../.. बाट ज्येष्ठता कायम हुने गरी **स्थानीय सेवामा** तपसिल बमोजिम **तहमा तहबृद्धि** गरिएको छ । तह बृद्धि हुनु भएकोमा हार्द्धिक बधाई तथा कार्य सफलताको शुभकामना ।

तपसिल :

| **हाल कार्यरत पद** | **तह बृद्धि गरेको पद** |
|---|---|
| पद: | पद: |
| तहः | तहः |
| सेवा: | सेवा:: |
| समुह: | समुह |
| कार्यरत कार्यालय : | कार्यरत कार्यालय : |

**श्री ................**
कर्मचारी सकेत नम्बर

**<u>बोधार्थ :</u>**
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग ।
श्री राष्ट्रिय कितावखाना(निजामती) पुल्चोक ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग,  विराटनगर मोरङ्ग ।
श्री प्रदेश किताबखाना, विराटनगर मोरङ्ग ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरङ्ग
श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ्ग।
श्री आर्थिक प्रशासन महाशाखा, रंगेली नगरपालिका,नगर कार्यपालिको कार्यालय ।

आज्ञाले
ओमकार प्रसाद न्यौपाने